# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति
२०७६ पुस २७

### निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न आग्रह ।

धनुषाको मिथिला नगरपालिका-५ का वातावरण संरक्षण अभियन्ता एवं मानव अधिकार रक्षक ओमप्रकाश महतोको मिति २०७६ पुस २५ गते धनुषाको औरही खोलामा ट्रिपरले टाउकोमा कुल्चाएर हत्या भएको भनिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घटनाको अनुगमन तथा अनुसन्धानका लागि आयोगको प्रदेश नं. २ कार्यालयको टोली घटनास्थलतर्फ प्रस्थान गरिसकेको छ । यस घटनाबाट वातावरण संरक्षणमा लागिरहेका व्यक्तिको जीवनको अधिकार तथा नेपालले हस्ताक्षर गरेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को उल्लंघन भएको छ । स्वच्छ वातावरणको अधिकार मानव अधिकारको महत्वपूर्ण विषय हो । वातावरणको अधिकारको संरक्षण गर्नु हामी सबैको दायित्व हुन्छ । हिंसा तथा कसैको जीवन नै समाप्त गरेर समस्याको समाधान हुन सक्दैन भन्नेमा आयोग विश्वस्त छ ।

यस सन्दर्भमा वातावरण संरक्षण अभियन्ताहरुको टोलीले आयोगमा आज ज्ञापन पत्र बुझाएका छन् । घटनाको निष्पक्ष र प्रभावकारी छानविन गरि दोषीलाई कानूनी कारबाहीको माग गर्दै उनीहरुले आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा समक्ष ज्ञापन पत्र बुझाएका हुन् । सो क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले उक्त घटना दुःखद् रहेको बताउनुभयो । घटनाको कानूनी प्रक्रियाबारे आयोगले नजिकबाट अनुगमन गरिरहेको र वातावरणको अनधिकृत दोहन सम्बन्धमा प्रतिवेदन प्राप्त भैसकेपछि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने बताउनुभयो ।

अत : आगामी दिनमा यस प्रकारका घटना दोहोरिन नदिनेतर्फ सचेत रहँदै निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत घटनाको सत्यतथ्य उजागर गरि दोषीलाई कानून बमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्तिको लागि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मुरारिप्रसाद खरेल
नि. सचिव/निर्देशक

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org